# COVID-19 बाट हाम्रा वृद्ध स्याहार केन्द्रका रेसिडेन्ट (residents) हरुलाई सुरक्षित राख्न मद्दत गर्नुहोस्

COVID-19

Nepali

## आवासीय वृद्ध स्याहार केन्द्रहरूमा काम गर्ने कर्मचारीहरूले, उनीहरुको कामको आधारमा, १७ सेप्टेम्बर अथवा ३१ अक्टोबर २०२१ भित्र COVID-19 खोपको कम्तिमा एक खुराक (डोज) लगाएको हुनुपर्नेछ।

### १७ सेप्टेम्बर २०२१ सम्म कसले खोप लगाइसक्नु पर्छ?

**आवासीय वृद्ध स्याहार केन्द्रमा काम गर्ने ठेकेदार र अस्थायी कामदारहरू समेत सबै कर्मचारीहरूले र सहित सो केन्द्रमा सेवा प्रदान गर्न संलग्न कुनै पनि व्यक्ति, जस्तै:**

- नर्सहरु, व्यक्तिगत स्याहारकर्ताहरु, सम्बद्ध स्वास्थ्य पेशाकर्मीहरु, सम्बद्ध स्वास्थ्य सहायकहरु
- सहायक कर्मचारी, जस्तै कुक र भोजन सेवा र सरसफाई मा काम गर्ने मानिसहरु
- सामाजिक सेवा कर्मचारीहरू, जस्तै संगीत/कला थेरापी, यातायात चालकहरु
- हेयरड्रेसरहरू
- आवासीय वृद्ध स्याहार केन्द्रद्वारा नियुक्त स्वयंसेवकहरु
- प्रशासकीय कर्मचारी - रेसेप्शन; व्यवस्थापन; प्रशासन; सुरक्षा
- उक्त केन्द्रले खटाएका मेडिकल पेशाकर्मीहरू।
- उक्त केन्द्रले खटाएका फार्मासिस्ट, दन्तचिकित्सक र मानसिक स्वास्थ्य पेशाकर्मीहरू लगायतका अतिथि स्वास्थ्य चिकित्सकहरु

### ३१ अक्टोबर २०२१ सम्म कसले खोप लगाईसक्नु पर्छ?

- रेसिडेन्टले संलग्न गराएका फार्मासिस्ट, दन्तचिकित्सक, मानसिक स्वास्थ्य पेशाकर्मीहरू, पोडियाट्रिस्ट र फिजियोथेरापिस्ट लगायतका स्वास्थ्य चिकित्सकहरु
- विद्यार्थीहरु

### आवासीय वृद्ध स्याहार केन्द्रमा काम जारी राख्न तपाईंले कम्तीमा COVID-19 को एक खुराक खोप लगाएको हुनुपर्ने आवश्यक छ।

**यदि तपाईंले COVID-19 खोपको कुनैपनि खुराक लिनु भएको छैन भने, तपाईंको म्यानेजरसँग सकेसम्म चाँडो खोप लगाउने बारेमा कुरा गर्नुहोस् ।**

तपाईंको कार्यस्थलले कार्यस्थलमा नै खोप क्लिनिकको व्यवस्था गर्न सक्छ , वा तपाईंले जेनरल प्रयाक्टिस (general practice) क्लिनिक, एबोरिजिनल समुदायद्वारा नियन्त्रित स्वास्थ्य सेवा वा कमनवेल्थ खोप क्लिनिक (जी.पी. रेस्पिरेटोरी क्लिनिक) मा अपोइन्टमेन्ट लिन सक्नुहुन्छ।

तपाईंले NSW Health खोप क्लिनिकमा अपोइन्टमेन्ट लिन अथवा वाल्क-इन (walk-in) क्लिनिक वा सहभागी फार्मेसीमा जान पनि सक्नुहुन्छ।

अपोइन्टमेन्ट बुक गर्न वा तपाईंको नजिकको वाल्क-इन क्लिनिक वा सहभागी फार्मेसी खोज्न www.nsw.gov.au/covid-19/health-and-wellbeing/covid-19-vaccination-nsw/get-your-covid-19-vaccination-nsw वेबसाइटमा जानुहोस्।

## बारम्बार सोधिने प्रश्नहरू

### के मैले कुन खोप लगाउने भनेर चयन गर्न सक्छु?

आवासीय वृद्ध स्याहार केन्द्रमा कार्यरत कामदारहरू Pfizer (Comirnaty) COVID-19 खोप प्राप्त गर्न योग्य छन् तर उनीहरूले AstraZeneca (Vaxzevria) COVID-19 खोप चयन गर्न पनि सक्नेछन्।

उपलब्ध खोपहरूमध्ये कुनै पनि एक खोपको एक खुराक लगाउनाले Delta भेरिएन्ट (variant) का कारण हुनसक्ने अस्पताल भर्ती र मृत्यु बाट लगभग ७०% सुरक्षा प्रदान गर्दछ र यसले तपाईंको वरिपरिका मानिसहरूमा COVID-19 सर्नसक्ने सम्भावनालाई उल्लेखनीय रूपमा कम गर्दछ। कुनै पनि खोपको दुई खुराकहरू लगाएमा यसले लगभग ९०% सुरक्षा प्रदान गर्छ, र लामो समयसम्म सुरक्षित राख्नेछ।

### के म लकडाउनको बेला खोप लगाउन सक्छु?

सक्नुहुन्छ, एन.एस.डब्ल्यू. मा घरमै-बस्ने प्रतिबन्धको बेला पनि COVID-19 खोप लगाउनकालागि जान अनुमति दिइएको छ। यदि तपाईं निकट सम्पर्क (close contact) वा क्याजुअल सम्पर्क (casual contact) हुनुहुन्छ वा तपाईंलाई COVID को कुनै पनि लक्षण देखिएको छ भने खोप लगाउनका लागि घर बाहिर ननिस्कनुहोस्।

### यदि मैले खोप लगाउन अस्वीकार गरें भने के हुन्छ?

यदि तपाईंले COVID-19 खोप लगाउनुपर्ने आवश्यकता यो लागू हुने मितिमा पूरा गर्नुभएन भने, तपाईंले सो सेवामा कामलाई निरन्तरता दिन सक्नुहुन्न।

आवासीय वृद्ध स्याहार केन्द्रहरूमा काम गर्ने कर्मचारीहरूले, उनीहरुको कामको आधारमा, १७ सेप्टेम्बर अथवा ३१ अक्टोबर २०२१ भित्र COVID-19 खोपको कम्तिमा एक खुराक (डोज) लगाएको हुनुपर्नेछ भन्नेमा सबै कर्मचारीहरू सचेत रहनुपर्नेछ।

### यदि मैले मेरो पहिलो खुराक समयसीमा भित्र लगाउन सकिन भने के हुन्छ?

जन स्वास्थ्य आदेश लागू भएको मितिदेखि आवश्यकता पूरा नगर्ने कुनै पनि कर्मचारीलाई कार्यस्थलमा प्रवेश गर्न दिइने छैन। यदि तपाईंले खोप लगाउनु पर्ने आवश्यकता पूरा गर्नुभएन भने तपाईंले सो सेवामा कामलाई निरन्तरता दिन सक्नुहुन्न।

### के चिकित्सकीय आधार मा छुट छ?

यदि कुनै कामदारमा उपलब्ध दुवै खोपहरु प्रति विपरीत चिकीत्सकीय संकेतहरू देखिएको छ भने मात्र उसलाई छुट दिइनेछ।

### म गर्भवती छु र/वा बच्चालाई स्तनपान गराइरहेकी छु – के मेरो लागि पनि केही विचार गरिएको छ?

गर्भवती महिलाहरू अब Pfizer (Comirnaty) COVID-19 खोप प्राप्त गर्न योग्य छन्। रोयल अस्ट्रेलियन एण्ड न्युजील्याण्ड कलेज अफ ओब्स्टेट्रीशियन्स एण्ड गायनेकोलोजिस्ट (Royal Australian and New Zealand College of Obstetricians and Gynaecologists (RANZCOG)) र अष्ट्रेलियन टेक्निकल एडभाइजरी ग्रुप ओन इम्युनाइजेशन (Australian Technical Advisory Group on Immunisation (ATAGI)) ले गर्भवती महिलाहरुलाई खोप तालिका अनुसार Pfizer (Comirnaty) COVID-19 को खोप गर्भधारणको अवधिमा कुनै पनि चरणमा लगाउन सल्लाह दिन्छ। स्तनपान गराइरहेका वा गर्भधारण गर्ने योजना बनाएका महिलाहरुलाई पनि Pfizer (Comirnaty) COVID-19 खोप लगाउन सिफारिस गरिन्छ। गर्भवती हुन प्रयत्न गरिरहेका महिलाहरूले खोप लगाउन ढिलाइ गर्न पर्दैन वा खोप लगाएपछि गर्भवती हुने कार्यलाई रोक्नु पर्दैन। कृपया आफ्नो जी.पी. (GP) वा सम्बन्धित स्वास्थ्य पेशाकर्मीसँग तपाईंको व्यक्तिगत परिस्थितिका बारे र तपाईंले कसरी सकेसम्म चाँडै खोप लगाउन सक्नुहुन्छ भन्ने बारे छलफल गर्नुहोस्। Pfizer (Comirnaty) COVID-19 खोपको लागि गर्भवती हुनु र स्तनपान गराउनुलाई विपरीत चिकित्सकीय संकेत मानिदैन र त्यसैले यसकालागि जन स्वास्थ्य आदेश अन्तर्गत छूट प्राप्त छैन।

यो जन स्वास्थ्य आदेशको बारे र यसले तपाईंको लागि के अर्थ राख्छ भन्ने बारे थप जानकारी को लागी, **www.health.nsw.gov.au/Infectious/covid-19/Pages/aged-care.aspx** वेबसाइटमा जानुहोस्।

August 2021 © NSW Ministry of Health. SHPN (SHEOC) 210750 - Nepali